

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १४ गते मंगलबार ❑ 31 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियोलाई पोखरामा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

जनवरी एक तारिखदेखि प्राय सुनसान भएको पोखरा विमानस्थलमा सोमबार निकै तामझामका साथ रातको कार्पेट समेत विच्छाइएको थियो ।

पोखरा अन्तराष्ट्रिय विमानस्थल करिब ११ महिना संचालनमा आएसंगै सानो तथा हेलिकोप्टर एवं अल्ट्रालाइटको मात्र हवाई उडान गर्दै आएको जहाँ भिआईपि खासै नआएको सन्दर्भमा प्रायः सुनसान जस्तै भएको पुरानो विमानस्थलमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेस हेलिकोप्टरबाट आएसंगै निकै तामझाम गरिएको थियो । महासचिव गुटरेस सोमबार नेपाली सेनाको हेलिकोप्टर मार्फत पोखरामा ओर्लीदा निकै तामझामका साथ स्वागत गरिएको थियो । नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार नेपाल आएका महासचिव गुटरेसलाई दउँसो हवाई मार्ग हुदै करिब २:०५ बजे पोखरा विमानस्थल(पूरानो) अवतरण गर्दा उनलाई पोखरामा बाजा गाजा सहित भव्य स्वागत सत्कार गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताउनुभयो ।



निर्धारित समय भन्दा दश मिनेट ढिलो पोखरा आएका आउनु भएको महासचिव गुटरेसलाई गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायी सहित विभिन्न संघ संस्थाहरुले निकै तामझामका साथ स्वागत गर्नु भएको थियो ।

सोमबार महासचिव गुटरेसलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र बहादुर थापा, प्रदेशका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत, कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, पोखराका मेयर धनराज आचार्य, उपमेयर मन्जुदेवि गुरुङले माला, खादा, नेपाली ढाकाटोपी लगायर स्वागत गर्नु भएको हो । पन्चे बाजा सहित ताया मचाः नृत्य सहितको विभिन्न जनजातिको भेषभुष सहित झाँकी प्रदर्शनी समेत गरिएको थियो । फिस्टेल लजमा १:५५ बजे पोखरा विमानस्थल आउने कार्यतालिका तय भए पनि करिब १० मिनेट ढिलो गरी हेलिकोप्टर अवतरण गरेका महासचिव गुटरेस पोखरा विमानस्थलमा भव्य स्वागत गरेको देखेर खुसि व्यक्त गर्नुभयो ।

पोखरा विमानस्थलमा करिब ५० मिटर रातो कार्पेट विच्छाइएको थियो भने उनलाई स्वागत गर्न प्रदेश सरकार, पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद लगायतका विभिन्न संघ संस्थाहरु करिब एक घण्टा अघि नै विमानस्थलमा पुगेका पुग्नु भएको थियो । महासचिव गुटरेस यूएनको गाडीमा सवार भई कालो सिसा लगाएको गाडी भित्रै बसेर सबैलाई हात हल्लाउदै विमानस्थलबाट बाहिरिनु भएको थियो । मंगलबार बिहान महासचिव गुटरेस अन्नपूर्ण आधार शिविर अवलोकन गर्न जाने कार्यक्रम तय गरिएको छ । नेपाली सेनाको हेलिकोप्टर मार्फत विहान ६:३० बजे अन्नपूर्ण आधार शिविर(एबीसी) प्रस्थान गर्ने भएका छन् । २० मिनेटको यात्रामा एबीसी पुगेसंगै उनले करिब एबीसीमा ४० मिनेट अध्ययन अवलोकन गर्ने समय तालिका सार्वजनिक गरिएको छ । सोमबार बिहान ७:५० एबीसीबाट उडान गरी ७:५० बजे पोखरा विमानस्थलमा अवतरण गर्ने समय तालिका तय गरिएको छ भने त्यस पछि बिहान पोखरा क्षेत्रका पत्रकारसंग भेटघाट गर्ने र त्यस पछि ८:१५ बजे भैरहवामा रहेको गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल तर्फ प्रस्थान गर्ने भएको प्रशासनले जनाएको छ ।

## एमालेको मुख्य लक्ष्य मुलुक र जनताको समृद्धि : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीको मुख्य लक्ष्य नै देश र जनताको समृद्धि रहेको बताउनुभएको छ ।

एमाले गण्डकी प्रदेश कमिटीद्वारा सोमबार पोखरामा आयोजित विशेष समारोहमा अध्यक्ष ओलीले भन्नुभयो, "दिगो विकासको माध्यमबाट देश र जनताको समृद्धि गर्ने सङ्कल्प बोकेर एमाले अगाडि बढेको छ ।"

कृषिमा आधुनिकीकरण, उद्योग क्षेत्रमा लगानीको वातावरण, पर्यटन तथा प्राकृतिक सम्पदाको उपयोग गरी देश र जनताको समृद्धि गर्ने गन्तव्य एमालेको रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पछिल्लो समयमा देशको आर्थिक अवस्था कमजोर भएको छ, कमजोर आर्थिक अवस्थालाई सुधार गर्न सबै पार्टी मिलेर अगाडि बढ्नुको विकल्प छैन ।" वर्तमान अवस्थामा देखिएको अस्थिर राजनीतिलाई सही बाटोमा ल्याउन लोकतान्त्रिक पार्टीको भूमिका महत्वपूर्ण भएको बताउँदै उहाँले लोकतन्त्र प्राप्तिपछि भएका विकासका काम र संविधानबाट प्राप्त




उपलब्धिलाई जनतामाझ लैजान जरुरी भएको बताउनुभयो । एमालेका हरेक कार्यकर्ता दिनको १८ घण्टा जनताको सेवामा जुट्दै आउँदो निर्वाचनमा एमाले पार्टीलाई सबैभन्दा ठूलो पार्टीका रूपमा स्थापित गर्नुसमेत उहाँले जोड दिनुभयो । एमालेका पालामा विकास निर्माणका काम धेरै भएको दाबी गर्दै अध्यक्ष ओलीले वृद्धभत्ता, आफ्नो गाउँ आफैँ बनाऊँ, गाउँगाउँमा सडक बाटो, शिक्षा-स्वास्थ्य जस्ता कामहरू गरेर लोकप्रियता हासिल गरेको बताउनुभयो ।

आफूले कुनै किसिमको भ्रष्टाचार नगरेको दाबी गर्दै अध्यक्ष ओलीले कम्बोडियामा आफ्नो लगानी नभएको र त्यो भ्रम छर्न रचिएको प्रपञ्च भएको बताउनुभयो । सुन तस्करी काण्डमा मुछिएकालाई कानुनी दायरामा ल्याउनसमेत उहाँले जोड दिनुभयो । पार्टीका उपाध्यक्ष रामबहादुर थापाले एमाले समाजवादको बाटोमार्फत देश र जनताको समृद्धितर्फ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले एमालेको दसौँ महाधिवेशनको कार्यदिशा पनि बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिमार्फत देश र जनताको समृद्धि गर्ने नै रहेको विश्वास दिलाउनुभयो ।

नेपाली जनताको जीवनस्तर उकास्न कृषिमा आधुनिकीकरण र औद्योगीकरणलाई जोड दिनुपर्ने थापाको भनाइ थियो । सो अवसरमा नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीको प्रथम अधिवेशनबाट निर्वाचित कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई शपथ ग्रहणसमेत गराइएको थियो ।

## महासचिव गुटेरेसद्वारा पुम्दीकोटको अवलोकन, फेवातालमा नौका विहार

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

नेपालको औपचारिक भ्रमणका क्रममा सोमबार पोखरा आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिए गुटेरेस पोखराको प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य पुम्दीकोट पुग्नुभएको छ ।



सोमबार दिउँसो ४:३० बजे पुम्दीकोट पुग्नुभएका महासचिव गुटेरेसलाई महादेवको विशाल मूर्ति निर्माण अभियानका संयोजक एवम् पुम्दीकोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बराल, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, पोखरा महानगरपालिका-२२ का वडाध्यक्ष हिमलाल बराललगायतले स्वागत गर्नुभएको थियो । महासचिव गुटेरेसले यहाँस्थित महादेवको विशाल मूर्तिसँगै यहाँबाट देखिने हिमाली दृश्यावलोकन एवम् फेवातालसहितपोखराकोरुचिपूर्वक अवलोकन गर्नुभएको थियो । महासचिव गुटेरेसले करिब आधा घण्टा पुम्दीकोटमा विताउनुभएको समितिका सदस्य मातृका बरालले जानकारी दिनुभयो ।

जनस्तरको सक्रियतामा पुम्दीकोटमा निर्माण गरिएको ५१ फिट अग्लो महादेवको विशाल मूर्ति पोखराको आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित बन्दै गएको छ । पुम्दीकोटमा बढ्दै गएको आकर्षणले आफूहरूलाई निकै उत्साहित बनाएको मूर्ति निर्माण अभियानका संयोजक एवं पुम्दीकोट विकास समितिका अध्यक्ष बरालले बताउनुभयो ।

जनस्तरबाट निर्माण गरिएको महादेव विशाल मूर्तिसँगै गुरुयोजनामा समेटिएका अन्य पूर्वाधार निर्माण अघि बढिरहेको बताउँदै बरालले हालसम्मका संरचना निर्माणमा लगभग रु २६ करोड लगानी भइसकेको जानकारी दिनुभयो । समितिले मूर्तिसहित संरचना निर्माणका लागि रु ४० करोड लागत अनुमान सहितको गुरुयोजना तयार गरी काम गरिरहेको छ । देशका विभिन्न स्थानका साथै भारतलगायत विदेशी मुलुकबाट पनि पर्यटक पुम्दीकोट पुग्ने गरेका छन् । पछिल्ला समयमा बढ्दै गएको आकर्षणले पशुपतिनाथ पछिको दोस्रो तीर्थस्थलका रूपमा पुम्दीकोट स्थापित हुने विश्वास लिइएको छ । पोखराको मुख्य बजार क्षेत्रबाट झण्डै १३ किमी दूरीमा रहेको मूर्ति अवलोकनसँगै एकसाथ पोखरा उपत्यकासहित धवलागिरि, अन्नपूर्णजस्ता हिमशृङ्खला अवलोकन गर्न सकिन्छ । पुम्दीकोटका पर्यटकीय सम्भावनालाई उजागर गर्ने लक्ष्यका साथ विसं २०७३ फागुनमा महाशिवपुराण लगाउँदा रु छ करोड १८ लाखसहित दानस्वरुप २० रोपनी जग्गा प्राप्त भएको थियो भने विसं २०७८ मा दोस्रो पटक महायज्ञ लगाउँदा करिब रु तीन करोड सहयोग प्राप्त भएको थियो ।

समितिले वृहत् गुरुयोजनाअनुसार बाँकी कामअघि बढाउँदै गएको छ । मूर्ति स्थापनाका साथै प्रशासनिक भवन, गुरुमहाराज आश्रम निर्माण भइसकेका छन् भने नजिकै पल्लो थुम्कोमा सुमेरु पर्वतकै झल्को दिने गरी संरचना निर्माण भइरहेको छ । विशालमूर्ति रहेको स्थान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तनहुँमा डेङ्गु सङ्क्रमित छ हजारभन्दा बढी पुगे

**पोखरापत्र संवाददाता**
दमौली, १३ कार्तिक

तनहुँ जिल्लामा दैनिक डेङ्गु सङ्क्रमित थपिने क्रम बढेको छ । दुई महिनाको अवधिमा जिल्लामा छ हजार चार सय ८४ सङ्क्रमित भएका छन् ।

स्वास्थ्य कार्यालय तनहुँका अनुसार व्यास नगरपालिकामा पाँच हजार चार सय १५, शुक्लागण्डकी नगरपालिकामा चार सय, ऋषिङ गाउँपालिकामा एक सय ८९, भिमाद नगरपालिकामा एक सय ८०, म्याग्दे गाउँपालिकामा एक

बाँकी अन्तिम पृष्ठमा ▶▶


### सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गुटेरेस माला र टोपीमा सजिँदा...

रामबहादुर थापा र कृष्ण दवाडी/रासस
पोखरा, १३ कार्तिक



पोखरा भ्रमणमा आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई पोखरेलीले आत्मीयतापूर्वक स्वागत गरेका छन्। नेपाली सेनाको विमानमार्फत सोमबार दिउँसो पोखराको पुरानो विमानस्थलमा ओर्लनुभएका उहाँलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसहितको टोलीले भव्य स्वागत गरेको हो ।

मुख्यमन्त्री पाण्डेले सयपत्री फूलको माला र पोखरा महानगरका प्रमुख धनराज आचार्यले ढाकाटोपी पहिराएर महासचिव गुटेरेसलाई स्वागत गर्नुभएको थियो । उहाँको स्वागतमा प्रदेश सरकारका मन्त्री, जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुखलगायत उच्चपदस्थ व्यक्तिहरू विमानस्थल पुगेका थिए । तिहारको छेकोमा पोखरा भ्रमणमा आउनुभएका महासचिव गुटेरेस सयपत्रीको माला र ढाका टोपीमा सजिँदा नेपालीपन झल्केको थियो । खुसी मुद्रामा उहाँले पोखरेलीको न्यानो स्वागत ग्रहण गरेको देखिन्थ्यो । शरदयामको घमाइलो दिन भएकाले प्रकृतिले पनि महासचिव गुटेरेसलाई स्वागत गरे झैं भान मिल्थ्यो । सोमबार बिहानैदेखि पोखराको मौसम खुलेको थियो ।

महासचिव गुटेरेसको स्वागतार्थ विमानस्थलको बाहिरपट्टी सांस्कृतिक झाँकीसहित मौलिक नाच प्रस्तुत गरिएको थियो । नेवारी समुदायमा प्रचलित तायमचा, जनजाति समुदायको सोरठी, नौमती बाजालगायत मौलिक संस्कृति देखाइएको थियो । परम्परागत वेशभूषामा सजिएका आमा समूह, जनप्रनिधि, पर्यटन व्यवसायीलगायतले महासचिव गुटेरसलाई स्वागत गरेका थिए ।

चारदिने औपचारिक भ्रमणमा क्रममा आइतबार नेपाल आउनुभएका उहाँ आज पोखरा भ्रमणमा आउनुभएको हो । उहाँ सोमबार फेवा किनार स्थित होटल फिस्टेलमा बस्नु हुनेभएको छ । महासचिव गुटेरेस मङ्गलबार बिहान विश्वप्रसिद्ध पर्यटकीय गन्तव्यस्थल अन्नपूर्ण आधार शिविर जानुहुने कार्यक्रम छ । त्यहाँ उहाँले जलवायु परिवर्तनले हिमाली जनजीवनमा पारेको असरबारे स्थानीयवासीसँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिनुभयो । अन्नपूर्ण आधार शिविरबाट फर्केपछि पोखरा विमास्थलमा पत्रकारसँग साक्षात्कार गर्ने कार्यक्रम तय भएको उहाँको भनाइ छ । महासचिव गुटेरेसको भ्रमणलाई लक्ष्य गरी पोखराको सुरक्षा प्रबन्ध चुस्त पारिएको छ । उहाँ लुम्बिनी भ्रमणका लागि मङ्गलबार बिहान पोखराबाट भैरहवा प्रस्थान गर्नुहुने जनाइएको छ । महाचिव गुटेरेसको भ्रमणसँगै पछिल्लो समय पोखरा अतिविशिष्ट विदेशी पाहुनाको भ्रमणस्थलका रूपमा स्थापित हुँदै गएको छ ।

फ्रान्सका हिमाल आरोही मौरिस हर्जोगले सन् १९५० जुन ३ मा सर्वप्रथम अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै अन्नपूर्ण हिमाल र यससँग प्रत्यक्ष जोडिएका पोखरालगायतका गन्तव्यहरूले पर्यटकीय महत्त्व पाएका हुन् । अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले गरेको अन्नपूर्ण आधार शिविरको पदयात्रा पछि पोखरालाई आधार बनाएर अन्नपूर्ण, धवलागिरि जस्ता हिमालका पेरिफेरीमा पदयात्रातर्फ पनि आकर्षण बढेको हो । सन् १९६० देखि हिप्पी पर्यटकको आगमनले पोखराको पर्यटकीय गतिविधि बढेको पाइन्छ । सन् १९८० को दशकदेखि फस्टाउँदै गएको यहाँको पर्यटनलाई समय समयमा हुने गरेका अतिविशिष्ट व्यक्तिको आगमनले यहाँको गरिमा र महिमा अझै चुलिएको हो । इतिहासमा उल्लेख भएअनुसार यसअघि सन् १९६१ मा बेलायती महारानी एलिजावेथ द्वितीया र सन् १९६३ मा भारतीय राष्ट्रपति राधाकृष्णनले पनि पोखराको भ्रमण गर्नुभएको थियो ।

त्यसयता पोखरामा विसं २०७२ चैतमा सम्पन्न सार्क मन्त्रिपरिषद् बैठक (मिनी सार्क सम्मेलन), त्यसलगत्तै भएको बेलायती राजकुमार ह्यारीको भ्रमणदेखि विसं २०७३ कात्तिकमा भएको भारतीय राष्ट्रपति मुखर्जीसम्मका औपचारिक भ्रमणले यहाँको महत्वलाई अझै बढाएको थियो । पोखरामा विसं २०७६ कात्तिकमा बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद फेवातालमा डुङ्गा सयरदेखि हिमाल अवलोकन आदि गतिविधिमा सरिक बन्नुभएको थियो । पोखरा आउनुभएका अतिविशिष्ट व्यक्तिले यस स्थललाई प्रकृतिको वरदान आदि उपमा दिनुले पनि यहाँको विश्वव्यापी प्रवर्द्धन भइरहेको छ । महासचिव गुटेरेसको भ्रमणलाई पोखरेलीले यहाँको विश्वव्यापी पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण अवसरका रुपमा लिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो ।

# आकस्मिक रक्तदानमा ४० युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक



पोखरामा रगत अभाव देखिएका कारण पोखरा महानगरपालिका वडा नं. ५ जिरो किमीमा आकस्मिक रक्तदान कार्यक्रम गरिएको छ । सोमबार बिहान भएको उक्त रक्तदान कार्यक्रमबाट ४० युनिट रगत संकलन भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहन बहादुर थापाले पोखरामा रगत अभाव देखिएको अवस्थामा स्वस्फुर्त सहभागिता प्रति आभार व्यक्त गरेका थिए । मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने कार्यप्रति कास्की प्रहरी सदैव जनताको साथमै रहेको उनको भनाई थियो । प्रहरी जनताकै सेवाको लागि रहेको हुँदा जनताको सुरक्षाको साथै जनसेवाका कार्यमा कहिल्यै पछि नहट्ने कास्की प्रहरी प्रमुख थापाले प्रतिवद्धता जनाए । पोखरामा अहिले विरामीको अपरेसन र रगत कम भएकाहरुका लागि आवश्यकपर्ने रगत अभाव भएको प्रादेशिक रक्तसंचार सेवा कार्यालय पोखराका प्रमुख अर्जुन ज्ञवालीले बताए । उनले दैनिक पोखरामा ७० युनिट रगत खपत हुने गरेकोमा दशैको बेला रक्तदान कार्यक्रम नहुँदा रगत अभाव भएको जानकारी दिए ।

कार्यक्रममा पोखरा महानगरका मेयर धनराज आचार्यका सचिवालय प्रमुख पुर्ण लामाले जीवनदान जस्तो पुण्यको काममा सहभागिता जनाउनेप्रति धन्यवाद ज्ञापन गरेका थिए । पोखरामा रगतको अभाव हुन नदिन रक्तदानको कार्यक्रम आयोजना गर्न संघ, संस्थाहरुलाई उनले आग्रह समेत गरे । कार्यक्रम आयोजना गरेको अभिभावक गृह कास्कीका अध्यक्ष देबेन्द्र सुबेदीले आकस्मिकरुपमा गरिएको कार्यक्रममा उल्लेख्य सहभागिता प्रति धन्यवाद व्यक्त गरेका थिए । पोखरामा रगत अभाव भएको थाहा पाएपछि तत्कालै कार्यक्रमको आयोजना गरिएको उनले जानकारी दिए । उक्त रक्तदान कार्यक्रममा वेष्ट भ्याली डेन्टल क्लिनिक र अभियान युवा क्लबले समन्वय गरेको थियो ।

## महासचिव ...

(कैलाश) र सुमेरु पर्वतलाई जोड्ने विद्युतीय चियरकार निर्माण गर्ने कार्ययोजनासमेत छ ।

त्यस्तै शान्ति आश्रम, ज्येष्ठ नागरिक मिलन केन्द्र, बगैंचाआदि निर्माण गर्ने लक्ष्य राखिएको छ । मूर्ति परिसरमा गणेश मनोरेल, शिवलिङ्गआदि स्थापना भइसकेको छ भने परिसरमा आकर्षक प्रवेशद्वार निर्माण भइरहेको छ । शिवलिला, वन्यजन्तुको जीवनचक्र देखाउने प्रोजेक्टर निर्माण गर्ने समितिको सोच छ । संयुक्त राष्ट्रसंघका महासचिवको पुम्दीकोटको भ्रमणले यस स्थानका विश्वव्यापी प्रवर्द्धन हुने विश्वास लिइएको निर्माण अभियानका संयोजक एवम् पुम्दीकोट पर्यटन विकास समितिका अध्यक्ष बरालले बताउनुभयो । "महासचिव गुटेरेसले पुम्दीकोटको अवलोकनसँगै यहाँबाट देखिने हिमाली दृश्य, फेवातालसहित पोखराको अभिरुचिपूर्वक अवलोकन गर्नुले यहाँको विश्वव्यापी प्रवर्द्धन भएको छ", उहाँले भन्नुभयो, "उहाँको आगमनले हामीलाई हर्षितसँगै थप उत्साहित बनाएको छ ।" महासचिव गुटेरेसले फेवातालमा नौका विहार गर्नुभएको छ । उहाँको भ्रमणले पोखराको पर्यटन विश्वव्यापीरूपमा प्रवर्द्धन भएको पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले बताउनुभयो । महासचिव गुटेरेस फिस्टेल लजदेखि तालबाराही मन्दिरसम्म पुगी दृश्यावलोकनसँगै ताल र हिमालबारे जानकारी लिनुभएको थियो ।

# भद्रकाली माविमा खगोलीय अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक



पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयको प्राङ्गणमा हालै एक सय भन्दा बढि व्यक्तिहरुले टेलिस्कोपको सहायताले वृहस्पति ग्रह, शनि ग्रह र त्यसमा रहेका चार ग्यालिलियन चन्द्रमाहरु र चन्द्रमको अवलोकन गरे ।

अवलोकनमा बढि वालक, युवा त वृद्धा महानुभावहरुले टेलिस्कोपको सहायाताले अवलोकन गरेका हुन् । कोजाग्रत पूर्णिमा तथा खण्डग्रास चन्द्रग्रहणको अवसर पारेर आयोजित अवलोकन कार्यक्रमलाई दुई चरणमा गरिएको नेपाल एष्ट्रोनोमिकल सोसाइटी परियोजन संयोजक मनिष द्धाले पोखरापत्रलाई वताइन् । पहिलो चरण साझ ६:३० देखि ८:३० सम्म आयोजना गरिएको थियो भने दोस्रो चरण राति १:०० बजेदेखि ३:०० बजेसम्म सञ्चालन गरिएको संयोजक द्धाले भनिन् । दोस्रो चरणमा खण्डग्रास चन्द्रग्रहणको अवलोकन तथा टेलिस्कोप तथा क्यामराको सहायताले फोटो खिच्ने कार्य व्यापक गरिएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले पोखरापत्रलाई वताए ।

यसै वर्ष भद्रकाली माध्यमिक विद्यालयमा स्थापित नासो-बिएसएस एस्ट्रोनोमी क्लबको सकृय सहभागितामा अवलोकन कार्यक्रम भएको थियो । क्लबका सदस्यहरूले उपस्थित सवै व्यक्तिहरुलाई नासोको टेलिस्कोपबाट अवलोकन गराएका थिए ।

## तनहुँमा ...


सय तीन, भानु नगरपालिकामा ८३, बन्दीपुर गाउँपालिकामा ४६, आँबुखैरेनी गाउँपालिकामा ३९, देवघाट गाउँपालिकामा १४, घिरिङ गाउँपालिकामा नौ जना सङ्क्रमित भएका छन् ।

सङ्क्रमितमध्ये ५४ प्रतिशत महिला र ४६ प्रतिशत पुरुष रहेका छन् । कुल सङ्क्रमितको ८४ प्रतिशत व्यास नगरपालिकामा मात्रै रहेको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । व्यास नगरपालिकामा सबैभन्दा धेरै वडा नम्बर १ मा एक हजार तीन सय ८६ जना रहेका छन् । वडा नम्बर २ मा एक हजार तीन सय २८ जना सङ्क्रमित भएका छन् । हालसम्म यहाँ डेङ्गुबाट चार जनाको मृत्यु भएको छ । डेङ्गु सङ्क्रमण नियन्त्रणका लागि सबै स्थानीय तहलाई खोज र नष्ट गर अभियान सञ्चालन गर्न परिपत्र गरिएको अधिकारीको भनाइ छ । अधिकारीका अनुसार पालिकामा आवश्यक पर्ने स्वास्थ्य सामग्रीको व्यवस्था मिलाउन सबै पालिकामा समन्वय गरी कमी हुन नदिने व्यवस्था मिलाइएको छ ।

स्थानीय अस्पतालको दक्षता, क्षमताअनुसार उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै बिरामीहरूलाई उपचार गर्ने र जटिलता उत्पन्न हुन सक्ने भएमा बहुविशेषज्ञ चिकित्सकको रेखदेखमा उपचार गर्नुपर्ने देखिएमा सुविधासम्पन्न अस्पतालमा समन्वय गरी पठाउन सबै अस्पताललाई निर्देशन दिइएको छ । एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो ।

यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसको साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबरहरू आउनु, अरुचि हुनु, जोर्नी तथा मांशपेशीहरू बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेङ्गुको लक्षण हो ।

दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालका अनुसार डेङ्गुबाट बच्नका लागि मुख्यतयाः लामखुट्टेको टोकाईबाट जोगिनुपर्दछ । पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हम जस्ता सामग्री प्रयोग गर्नु, सँधै राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्न ध्यान पुऱ्याउनु यसबाट बच्ने प्रमुख उपाय हुन् ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# कांग्रेसको चियापान

भारत निर्वासनमा रहेका नेपाली कांग्रेसका सभापति बिपी कोइरालाले २०३३ मा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्केपछि कोजाग्रत पूर्णिमाका अवसरमा आयोजना गर्न थालेको चियापान कार्यक्रमलाई नेपाली कांग्रेसले परम्परा बनाएको छ । यस पटक पनि कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित चियापानमा सबै पार्टी र क्षेत्रको सहभागिता रह्यो । अलग पार्टीका नेताहरू चियापानमा समाले भएर शुभकामना आदानप्रदान गरे । पुराना र ठूला पार्टीका नेतृत्व गण एकै ठाउँमा उभिएर दलहरूका विरुद्ध गरिएको प्रचारको उचित जवाफ दिने प्रतिबद्धता जनाए ।

नेपालमा २०४६ को जनआन्दोलन अनि २०६२/६३ को संयुक्त जनआन्दोलनपछि राजनीतिक दलहरूबाट सञ्चालित सत्ता अहिले प्रश्नको घेरामा छ । निराश जनताले पछिल्लो संसदीय निर्वाचनमा परिवर्तनकारी दललाई 'पुराना' भनाउनुपर्ने गरी नयाँ दल उदाएका छन। नयाँ दलले २०८४ को चुनावमा परिवर्तनका संवाहक पुराना दललाई सखाप पारिदिने चेतावनी दिन तम्सिएका छन। पाठापाठीको बुर्कुसीजस्तै त होला तर अब पनि जिम्मेवार राजनीतिक दलहरूले मेरै सिङ ठूला भन्ने दम्भ राख्ने हो भने नरहे बाँस नबजे बाँसुरी भन्ने आहान चरितार्थ हुन बेर लाग्दैन । प्राथमिकता राष्ट्र र नागरिकप्रतिको गम्भीर जिम्मेवारी हो ।

हो, त्यस्तो नहोस् भन्ने मनसुवा थियो बिपी कोइरालामा । राजनीतिक परिवेश र सन्दर्भ फरक छन् तर सार एउटै छ- नागरिक सर्वोच्चता र स्वतन्त्रतासहितको लोकतन्त्र अनि मुलुकको स्वाधीनता रक्षा । हिजो निर्दलीय निरङ्कुशता र त्यसको आडमा मुलुकको स्वाधीनता हडपिने खतरा, आज लोकतन्त्रको लाभ अनि जिम्मेवार राजनीतिक शक्तिहरूको लाचारीको फाइदा उठाई जिलौटा सल्काइदिएर डढेलो लगाइदिने खतरा । नेपालको जैविक प्रणाली नै ध्वस्त पारिदिने डढेलोको गुञ्जायसै समाप्त पार्न पनि सबै नेपालीबिच मेलमिलाप आवश्यक छ । अर्थतन्त्र उँभो लगाउन पनि ढिला गर्नुहुन्न । राजनीतिक दलहरू प्रतिबन्धित रहेको निरङ्कुश परिवेशमा सांस्कृतिक परम्परा सदुपयोग गरी चियापान कार्यक्रम आयोजना गर्नुको निहित उदेश्य थियो मुलुकको स्वाधीनता ।

बिपी कोइरालाले चाहेका भए भारतमै शासकीय मेजमानी खाएर बसी नेपालको राजतन्त्रलाई प्रजातान्त्रिक लेपन लगाउन सक्थे। तर उनले जोखिम मोले । फाँसीको खतरा भए पनि २०३३ सालमा राष्ट्रिय मेलमिलापका नीति लिएर स्वदेश फर्के। मेरो घाँटी पनि राजासँगै जोडिएको छ भन्दै हामी नेपाली विभाजित छैनौँ, हुन्नौँ भन्ने स्वाभिमान प्रदर्शन गरे । त्यो राष्ट्रिय स्वाभिमान अजेय, अभेद्य हुनु पर्छ । अहिले मुलुकले समृद्धिका लागि अख्तियार गरेको राजनीतिक प्रणाली, यसका संस्थापक राजनीतिक दलहरू अनि राज्य संस्था, निकायप्रति संशय विस्तारका प्रयत्न भइरहेका छन् । सोझो राजनीतिक बुझाइमा यो संशय जायज देखिएला तर यस्तो प्रयत्नका पछाडि मुलुकलाई पुनः निरङ्कुशता वा कुनै प्रकारको अतिवादी पञ्जामा राखेर स्वार्थसिद्ध गर्न खोज्ने तत्व रहेको अनेकौँ सङ्केत छन् । प्रमुख दलका शीर्ष नेताहरूले आफूहरूप्रति संशयलाई एकताबद्ध भएरै जवाफ दिने बताउनुले मेलमिलापकै राजनीतिको महत्ता बुझेको देखिन्छ। तर सत्ता स्वार्थका लागि मात्र होइन, सुशासनमार्फत राष्ट्रको आर्थिक विकास र नागरिक हितका लागि मेलमिलापको राजनीति हुनु पर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# खेलाडी चोखाललाई सम्मान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ कार्तिक

राष्ट्रिय भलिबल खेलाडी सुजन चोखाललाई अमेरिकाको क्लबले रु २५ हजार नगद पुरस्कारसहित सम्मान गरेको छ ।

बेनी नगरपालिका-९ घतानका चोखाल गण्डकी प्रदेशको भलिबल टिमबाट राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडी हुनुहुन्छ । अमेरिकाको बाल्टीमोर राज्यमा रहेको बेलमोन्ट भलिबल क्लबले चोखाललाई पुरस्कृत र सम्मानित गरेको हो । क्लबका प्रतिनिधि रोशन सुवेदीले आइतबार घतानमा चोखाललाई नगद र सम्मानपत्र हस्तान्तरण गर्नुभएको थियो । चोखाल गण्डकीको टिममा सेटरको भूमिकामा उत्कृष्ट खेल प्रदर्शन गर्दै आउनुभएको छ। उहाँले आफ्नो व्यक्तिगततर्फबाट नेप्टेचौरको युवा क्लबलाई दुई थान भलिबलसहित रु ७२ हजार मूल्य बराबरको खेल सामग्री पनि उपलब्ध गराउनुभएको छ । प्रतिभावान् खेलाडी चोखाललाई प्रोत्साहन र हौसला प्रदान गर्न सम्मान गरेको बेलमोन्ट भलिबल क्लबका प्रतिनिधि सुवेदीले बताउनुभयो ।

# लेक लागेका विदेशी पर्यटकको उद्धारमा समस्या

**पोखरापत्र संवाददाता**
गोरखा, १३ कार्तिक

लेक लागेर बिरामी परेका दुई जना विदेशी पर्यटकको उद्धारमा समस्या भएको छ ।

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६, रिप्चेतस्थित लुम्जेन गुम्बामा पुगेपछि बिरामी परेका विदेशी पर्यटकको उद्धारमा कठिनाइ भएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिनुभयो ।

लेक लागेर बिरामी पर्नेमा स्वीजरल्याण्ड नागरिक सोल्भे सोफिया सिह्यूल र अमेरिकी नागरिक इरिक कोनेल ओलरज रहेका छन् । उनीहरुको उद्धारका लागि आवश्यक सबै प्रक्रिया पूरा भए पनि हेलिकप्टर उडानमा समस्या परेपछि उद्धार गर्न कठिनाइ भएको उहाँले बताउनुभयो । बिरामीको उद्धारका लागि आइतबार प्रयास गरिएको भए पनि असफल भएको थियो । प्रमुख जिल्ला अधिकारी भुसालले गृह मन्त्रालयले हेलिकप्टर उडानको अनुमति दिएको भए पनि मौसममा खराबीका कारण हेलिकप्टर उडाउन समस्या भएको हो । मन्त्रालयले अल्टिच्यूड एयरको हेलिकप्टर बिरामीको उद्धार गर्ने अनुमति दिएको उहाँको भनाइ छ । मौसममा सुधार आए आज दुवै जनाको उद्धार गरिने प्रजिअ भुसालले जानकारी दिनुभयो ।

# गुरुङ संस्कृति बुझ्न र सोरठी नृत्य हेर्न घलेगाउँ

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ कार्तिक

प्राकृतिक छटाले भरिपूर्ण यहाँको क्व्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँ घरबास (होमस्टे)मा पर्यटक चहलपहल हुन भएको छ ।

दसैँअघि सुनसान जस्तै रहेको यहाँका घराबासमा दसैँलगत्तै चहलपहल सुरु भएको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घराज घलेले जानकारी दिनुभयो । सचिव घलेका अनुसार घरबासमा दसैँ सुरु भएयता दैनिक ४० देखि ५० जना पर्यटक आउन थालेका छन् । "दुई दिन अघिसम्म दैनिक दुई सय जनासम्म पर्यटक आइरहेका थिए । विगतमा दैनिक तीन सयदेखि पाँच सय जनासम्म आउने गरेकामा पर्यटक आगामी दिनमा पनि सोही हाराहारीमा आउने अपेक्षा छ", उहाँले भन्नुभयो ।

यहाँ पर्यटकीय याममा प्रतिघरवासले रु ५० हजारभन्दा बढी आम्दानी गर्छन् । पर्यटक नआउदा फुर्सदिला बनेका यहाँका घरबास सञ्चालक पर्यटक आगमन बढेसँगै उनीहरूको सत्कारमा व्यस्त हुन थालेको घरबास सञ्चालक हेमकुमारी गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, "अहिले त प्रत्येक घरबास सञ्चालकले दैनिक जसो आम्दानी गर्न थालिसकेका छन् ।" विसं २०५७ बाट सञ्चालनमा आएको यहाँको घरबासमा अहिले ४४ घरमा घरबास सञ्चालन छ । जसमा एकै पटक तीन सय जनासम्म बस्नसक्ने क्षमता छ । साथै दुई वटा होटलसमेत सञ्चालनमा छन् ।

घरबासमा पुगेका पर्यटकका लागि सत्कारसँगै आफ्ना कला, भेषभूषा संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरूको जातीय पहिचानसहितको सांस्कृतिक नृत्यसमेत देखाउने गरिएको छ । विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो । घले गाउँ नेपाल आदिवासी जनजातिमध्ये गुरुङहरूको उद्गमथलो तथा घले राजाले अन्तिम राज्य सञ्चालन ठाउँ हो । गाउँमा करिब एक सय ३५ घरधुरी छन् । यहाँबाट मनास्लु, ङादीचुली, अन्नपूर्ण हिमाल दोस्रो, अन्नपूर्ण हिमाल चौँथो, माछापुच्छ्रे, हिमालचुली, लमजुङ र बुद्ध हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँ घले राजामध्ये अन्तिम घले राजा ज्याल्बु रुजा क्लेको शालिक पनि राखिएको छ । यहाँ आउने पर्यटकलाई घरबास सञ्चालकले स्थानीय तहमै उत्पादित अर्गानिक धान, मकै, कोदो, भटमास, सायोको साग, सिस्नोको खोले, लोकल कुखुरा, खसीबोका, भेडाको मासुलगायतका परिकार खुवाउने गर्दछन् । पर्यटकलाई सत्कारसँग आफ्ना कला संस्कृति जोगाई राख्न जुटेका गुरुङसेनीहरूको जातिय पहिचानसहितको कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायतका लोपोन्मुख सांस्कृति नृत्यसमेत प्रस्तुत गर्ने गरिएको छ । गाउँमा आएका पर्यटकलाई स्वागत तथा सम्मान र बिदाइमा सेतो टीका, फूल, फूलको माला, गुच्छा र खादा चढाइन्छ । पर्यटकलाई गुन्द्रुक, मकै, भटमास, कोदोको सेलरोटी, चिया लगायतका परिकार खुवाइन्छ । घलेगाउँमा प्रतिव्यक्ति एक रातको रु एक हजार दुई सय ५० शुल्क लिइन्छ । सो रकम तिरेबापत एक रात सुत्न तथा एकएक छाक भोजन र बिहानको खाजामा चिया, कोदोको सेलरोटी, तरकारी र अण्डा पर्यटकले प्राप्त गर्छन् ।

घले गाउँ काठमाडौँबाट तनहुँको डुम्रेबजार हुँदै बैँसीसहरसम्मको एक सय ७२ किमी र प्रदेश राजधानी पोखरादेखि बैँसीसहरसम्म एक सय १० किमीको दूरीमा छ । त्यस्तै बैँसीसहरबाट घलेगाउँ पुग्न २४ किमी यात्रा गर्नुपर्छ । घलेगाउँसम्म पुग्ने सडक पूर्वाधार विकास भइरहेको छ ।

# शिलान्यास भएको सात वर्षपछि भानुगृह निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
दमौली, १३ कार्तिक

आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा भानुगृह निर्माण सुरु हुने भएको छ । तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घा शिखरकटेरीमा भानुभक्तको घर निर्माण गर्न लागिएको हो ।

शिलान्यास भएको सात वर्षपछि भानुगृहको काम सुरु हुन लागेको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो । विसं २०७३ चैत २२ गते पश्चिमाञ्चल विकास मञ्चले भानुगृहको शिलान्यास गरेको थियो । मञ्चकै सक्रियतामा काम पुनः सुरु हुन लागेको उहाँले बताउनुभयो । उहाँका अनुसार अगामी मङ्सिरदेखि काम सुरु गर्ने तयारी छ । उहाँले भन्नुभयो, "लामो समयदेखि काम नहुँदा अब समितिकै सक्रियतामा भानुगृह बनाउने छलफल भइरहेको थियो । मञ्चका पदाधिकारीले हामीले नै बनाउँछौँ भनेर प्रतिबद्धता जनाउनुभएको छ ।" भानुगृह निर्माणका लागि मञ्चका तर्फबाट आर्थिक सङ्कलनसमेत भएको छ । उहाँले भन्नुभयो, "सात वर्ष अगाडि भानुगृहको लागत रु ६८ लाख अनुमान गरिएको थियो । अहिलेको अवस्थामा रु एक करोड जति पुग्ला । मञ्चका तर्फबाट आर्थिक सङ्कलन भइसकेको छ भनेपछि विकास समिति पछाडि हटेको छ ।" यस वर्ष जसरी पनि भानुगृह निर्माणको काम सुरु गर्ने तयारीमा समिति थियो । तर अब मञ्चकै सक्रियतामा काम सुरु हुने र मञ्चका तर्फबाट समितिलाई परिपत्र भइसकेको निर्देशक रानाभाटको भनाइ छ ।

समितिले शिखरकटेरीमा तारबार र सिसी क्यामरासमेत जडान गर्दैछ । यही ठाउँमा रामायण भवन निर्माण भइसकेको छ । जङ्गलको बीचमा भएकाले संरक्षणविहीन अवस्थामा पुगेको छ । उहाँले भन्नुभयो, "भानुगृहको काम सुरु भएपछि यस ठाउँको थप विकास हुनेमा आशावादी छौँ, पानी र बत्तीको सुविधा पुगिसकेको छ ।"

यसअगाडि कच्ची बाटो, पानी र बत्तीको समस्यालगायतका कारणबाट भानुगृहको काम अगाडि बढ्न सकेको थिएन । भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास गरिएको छ । निर्देशक रानाभाटले भन्नुभयो, "आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृह जिल्लामै भानुभक्त उपेक्षित भयो कि भन्ने भान हामीलाई पनि हुन्छ । घर पुनःनिर्माण गर्न सकिए यहाँ धेरैको आगमन हुने विश्वास गरेका छौँ ।"

विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा यादव खरेलले ' आदिकवि भानुभक्त' नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर रु एक लाखमा पुनःनिर्माण गर्नुभएको थियो । जङ्गलबीचको खरको छानाको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो जसमा करिब रु एक लाख २७ हजारको क्षति भएको थियो । भानु-४ चुँदीरम्घामा विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविको रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात हुनुहुन्छ । मोतिराम भट्टले उहाँलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिनुभएको बताइन्छ । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षालगायतका कृति लेखेका छन् भने उनका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो ।

# गौशालामा गौमूत्र प्रशोधन गर्न 'प्लान्ट' जडान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ कार्तिक

स्याङ्जाको भीरकोट नगरपालिका-८ स्थित छोरेडाँडा गौशालामा गौमूत्र प्रशोधन गर्नका लागि 'प्लान्ट' जडान गरिएको छ ।

स्थानीय जातका गाईको गहुँत तथा गोबर धार्मिक र वैज्ञानिक दृष्टिले समेत उपयोगी रहेकाले यसलाई प्रशोधन गरी प्रयोग गर्ने ध्येयले प्लान्ट जडान गरिएको छोरेडाँडा गौशाला व्यवस्थापन समितिका अध्यक्ष खुमकान्त खनालले बताउनुभयो । "स्थानीय जातको गाईको गौमूत्रको महत्व बुझ्न नसक्दा यसै खेर गइरहेको थियो", उहाँले भन्नुभयो, "यसको महत्वलाई दृष्टिगत गरी बुटवलबाट अत्याधुनिक प्रशोधन मेसिन खरिद गरी ल्याएर प्रशोधन थालेका छौँ ।" छाडा छाडिएका गाईका कारण खेतीबाली नष्ट गर्ने, बजारमा सवारी दुर्घटनाको जोखिम बढ्दै गएकाले गाईको व्यवस्थापनका लागि गौशाला निर्माण गरिएको थियो । गौशाला सञ्चालनका लागि पनि आर्थिक पाटोलाई बलियो बनाउनुपर्ने आवश्यकता देखिएसँगै गौमूत्र प्रशोधन प्लान्ट जडान गरी ब्यावसायिक उत्पादन थाल्ने तयारी गौशालाको रहेको उहाँले जानकारी दिनुभयो । गाईको गौमूत्र मानव स्वास्थ्यका लागि लाभदायक रहेकाले यसलाई थप प्रशोधन गरेर प्रयोग गर्न लागिएको गौशालाका संरक्षक छायाराम खनालले बताउनुभयो । "विशेष गरी स्थानीय जातको गाईको गहुँत तथा गोबर मानव स्वास्थ्यमा औषधीय गुण हुन्छ भन्ने धार्मिक र वैज्ञानिक दृष्टिले पुष्टि गरिसकेका छन्", उहाँले भन्नुभयो, "मानव स्वास्थ्यसँगै बालीनालीमा विषादी र जैविक मलको रुपमा प्रयोग गर्न सकिने भएकाले यो बहुउपयोगी छ ।" गौमूत्र धार्मिक दृष्टिले धेरैले प्रयोग गरे तापनि स्वास्थ्यका दृष्टिले उपयोगी हुने जानेर पनि प्रयोग गर्ने विधिका बारेमा अनभिज्ञ भएकाले प्रयोगकर्तालाई विज्ञहरूको सहयोगमा जानकारी गराउने योजना गौशालाको छ । गौमूत्रको उपयोगिताको बारेमा स्थानीय समुदायलाई जानकारी गराउने र प्रशोधित गौमूत्र स्थानीयस्तरमै खपत गर्ने योजना गौशालाको छ । स्थानीयस्तरमा खपत भएर रहेको प्रशोधित गौमूत्रलाई आफ्नै छुट्टै ब्राण्डमार्फत अन्यत्र पठाउने तयारी रहेको उहाँ बताउनुहुन्छ । प्रशोधित गौमूत्र बिक्री गर्ने, गोबरलाई प्रशोधन गरी सुगन्धित अगरबत्ती बनाउने, गोबरबाट अर्गानिक गड्यौले मलको व्यावसायिक उत्पादन गरी बिक्री गर्ने तयारीसहित काम भइरहेको छ । गौशालामा अर्गानिक उद्योग स्थापनासँगै नमूनाको रुपमा विकसित गर्दै लगिने उहाँले दाबी गर्नुभयो । पछिल्लो समय गौशालामा दाताले शुभकार्य, पितृकार्य तथा जन्मोत्सवमा आर्थिक सहयोग गर्न थालेकाले सञ्चालनमा सहज हुँदै आएको छ ।

# सरकारी सवारीको दुरुपयोग बढ्दो

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ कार्तिक

बागलुङ जिल्लामा सरकारी सवारीको दुरुपयोग बढ्न थालेको छ । जिल्ला ट्राफिक कार्यालय बागलुङले सरकारी सवारीको दुरुपयोग बढेपछि धमाधम कारबाहीको दायरामा ल्याउन थालेको हो ।

जिल्लामा सार्वजनिक बिदाको दिन सम्बन्धित निकायबाट अनुमति नलिई सरकारी सवारीसधान प्रयोग हुन थालेपछि ट्राफिक प्रहरीले सक्रियताका साथ कारबाही गर्न थालेको छ । असोजभर परेको तीन दिनको सार्वजनिक बिदाको समयमा १६ सरकारी सवारीसधान कारबाहीमा परेको जिल्ला ट्राफिक कार्यालय बागलुङले जनाएको छ । जिल्लामा असोज महिनादेखि सरकारी सवारीको जाँचमा कडाइ गरिएको हो । सरकारी सवारी लिएर पर्यटकीयस्थल हिँडेको, घुम्न हिँडेको र विना काममा सरकारी सवारीको प्रयोग बढेपछि कारबाही गर्न थालिएको छ । स्थानीय तहका सरकारी सवारी बढी दुरुपयोग भएको प्रहरीको भनाइ छ । असोज महिनाको तीन दिनमा मात्रै १६ सरकारी सवारी मोटरसाईकल र जीपलाई नियन्त्रणमा लिएर कार्वाही गरिएको जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख वरिष्ठ प्रहरी सहायक निरीक्षक मीनबहादुर खड्काले जानकारी दिनुभयो । खड्काले असोजको ३ गते, असोजको ६ गते र असोजको २० गते मात्रै १६ वटा सरकारी सवारीलाई नियन्त्रणमा लिएर कारबाही गरेको बताउनुभयो । जसमध्ये तीन वटा जीप र १४ वटा मोटरसाइकल रहेका छन् । तीन दिनको सार्वजनिक बिदाको दिनमा सरकारी सवारीको कारबाहीबाट तीन दिनमै रु १६ हजार राजस्व सङ्कलन भएको छ । "सरकारी सवारी दुरुपायोग बढ्न थालेपछि सार्वजनिक बिदाको समयमा ठाउँ-ठाउँमा सरकारी सवारीको जाँच गर्दै आएका छौँ, खासगरी दसैँ सुरु भएपछि बढी सरकारी सवारीको दुरुपयोग भएको भन्ने गुनासो आएपछि होल्ड गर्न थालिएको छ", ट्राफिक प्रहरी प्रमुख खड्काले भन्नुभयो, "जिल्ला प्रशासनको अनुमति विना सञ्चालनमा आएका सरकारी सवारीलाई होल्ड गरेर रु एक हजार जरिवाना गरिएको छ, यो अभियानले आगामी दिनमा निरन्तरता पाउनेछ ।"खड्काका अनुसार अन्य समयमा सार्वजनिक र निजी सवारीको जाँच बढाएपनि सार्वजनिक बिदाको समयमा सरकारी साधन लक्षित जाँच गरिदै आइएको छ । बागलुङ बजारको मुख्य प्रवेशद्वारमा सार्वजनिक बिदाको दिन अनुमतिविनै प्रवेश गर्न खोजेका दर्जनौँ सवारीलाई गन्तव्यमा पुग्न रोक लगाएर फर्काईएको छ । अनुमतिविना जिल्लामा सरकारी सवारी प्रवेश गर्न नदिएपछि प्रवेशद्वारबाटै फर्काइएको ट्राफिक प्रहरीको भनाइ छ । पछिल्लो समय धार्मिक पर्यटकीयस्थल, होटल तथा रेष्टुरामा बिदाको समयमा सरकारी सवारी देखिन थालेपछि ट्राफिक प्रहरीले कारबाहीलाई तीब्रता दिन थालेको हो ।

# बढ्दो घुम्ने संस्कृति

**रासस**
पोखरा, १३ कार्तिक

अघिल्लो शरदयाममा कास्कीको कोरी 'ट्रेक'मा पदयात्रा गर्नुभएका निसान खड्काले यसपालिको दसैँ बिदामा कास्कीकै मर्दी हिमालको आधार शिविरलाई गन्तव्य बनाउनुभयो।

दसैँको भोलिपल्ट बागलुङबाट दुई साथीसहित मर्दी घुम्न निस्कनुभएका उहाँ चार दिनको पदयात्रा सकेर आइतबार घर फर्किनुभयो। पेसाले शिक्षक खड्काले दसैँकै छेकोमा यसअघि मुगुको रारा ताललगायत पर्यटकीयस्थलको घुमघाम गरिसक्नुभएको छ। "दसैँको बिदामा पदयात्रामा निस्कनुको मज्जा नै बेग्लै हुन्छ, शरद ऋतु यसै पनि घुमौँघुमौँ लाग्ने याम हो", उहाँले सुनाउनुभयो, "नयाँ ठाउँको संस्कृति, रहनसहन र भूगोलबारे जान्न यात्राले सघाउँछ।"

पदयात्रा आफैँमा रोमाञ्चक र आनन्ददायक हुने खड्काको अनुभव छ। "मर्दी यात्रा पनि स्मरणीय रह्यो, छोटो दूरीको पदयात्राका लागि मर्दी ट्रेक उपयुक्त गन्तव्य रहेछ", उहाँले भन्नुभयो, "दसैँलगत्तै मर्दी ट्रेक घुम्न निस्केका पर्यटकको बाटैभरि लर्को नै थियो।"

खड्कासहितको टोली कास्कीको काँडेबाट छिरेर दुई दिनको पदयात्रामा मर्दी हिमालको आधार शिविर पुगेको थियो। फर्किँदा लान्द्रुक, नयाँपुल हुँदै बागलुङ फर्केको खड्काले बताउनुभयो। पोखरा महानगरपालिका–२९भण्डारढिकको आरजु खत्रीले पनि यसपालिको दसैँ बिदामा घुम्नका लागि मर्दी आधार शिविरलाई रोज्नुभयो।

काठमाडौँबाट आएका दुई साथीसहित दसैँको पर्सीपल्ट उहाँले मर्दीका लागि यात्रा तय गर्नुभएको थियो। "काँडे, अष्ट्रेलियन क्याम्प, देउराली हुँदै पहिलो दिन हाइक्याम्प पुगेर बास बस्यौँ, दोस्रो दिन मर्दी आधार शिविर पुगेर देस्रो दिन घर फर्कियौँ", खत्रीले भन्नुभयो, "हिमपातपछि खुलेको मौसममा यात्रा निकै रमाइलो भयो, हिमालको छेउमै पुग्दाको क्षण वर्णन गर्न नसकिने खालको थियो।"सूचना प्रविधि विषयमा अध्ययनरत उहाँ दसैँमा लामो बिदा हुने भएकाले घुम्न रुचाउनुहुन्छ। खत्रीले गत वर्ष हिउँदमा कास्कीकै अर्को पर्यटकीय गन्तव्य खुमै डाँडाको पदयात्रा गर्नुभएको थियो।

उहाँले मर्दी आधारशिविर पुग्दा पर्यटकको बाक्लो चहलपहल देखेको सुनाउनुभयो। "धेरै आन्तरिक पर्यटक नै थिए, विशेष गरी युवा बढी देखिन्थे", खत्रीले भन्नुभयो। काठमाडौँमा व्यवसाय गर्ने बागलुङका ओम खत्री पनि दसैँको भोलिपल्टै साथीहरूसँग ढोरपाटन घुम्न निस्कनुभयो। आफ्नै जिल्लामा पर्ने भए पनि ढोरपाटन यात्रा उहाँका लागि पहिलो थियो। "ढोरपाटन घुम्न पहिलेदेखिनै उत्सुक थिएँ, अहिले बल्ल मौका जुर्यो", खत्रीले भन्नुभयो, "व्यवस्तताले नजिकका गन्तव्य पनि घुम्न पाइएको छैन, अब भने बेलाबेला घुमफिरमा निस्कनुपर्छ भन्ने लागेको छ।"

खत्रीसहित छ जना मिलेर मोटरसाइकलमा ढोरपाटन पुगेका थिए। उनीहरू तीन दिन लगाएर ढोरपाटन उपत्यका, बुकी, जलजलालगायत ठाउँ घुमेका थिए। दसैँ बिदामा ढोरपाटन क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढी देखिएको खत्रीले बताउनुभयो। ढोरपाटन देशकै एक मात्र सिकार आरक्ष हो। सिकारमा विदेशीको आकर्षण रहे पनि ढोरपाटन क्षेत्र घुम्न जानेमा बढी आन्तरिक पर्यटक नै हुन्छन्। कास्कीका दिवस गुरुङले दसैँको छेकोमा तीन जापानी पर्यटकसहित सात दिन पदयात्रा गर्नुभयो। कास्कीको नयाँपुल, म्याग्दीको घोरेपानी हुँदै मुक्तिनाथसम्म पदयात्रा गरेको उहाँले बताउनुभयो। २९ वर्षीय गुरुङले गत वर्ष दसैँताका एक्लै 'कर्णाली यात्रा' गर्नुभएको थियो। मुस्ताङबाट छिरेर मुगुको रारातालसम्म ५५ दिन उहाँले पदयात्रा गर्नुभएको थियो। मुस्ताङदेखि डोल्पा छिर्ने पाँच हजार मिटर उचाइको भञ्ज्याङमा पाँच दिनसम्म अलपत्र पर्नुपरेको क्षण उहाँको स्मृतिमा अहिले पनि ताजै छ। गुरुङले विसं २०७५ को दसैँमा पूर्वी नेपाल र मधेसका जिल्लामा ४२ दिनको साइकलयात्रा गर्नुभएको थियो। "साइकलिङ र पदयात्रा गर्दा म प्रायः एक्लै हुन्छु, एकल यात्रा मेरो सोख र रोजाइ हो", उहाँले भन्नुभयो, "म साथी लिएर घुम्न जाने होइन, घुमेर साथी बनाउनुपर्छ भन्ने मान्यता राख्छु।" जतिसुकै कठिन र लामो यात्रामा पनि उहाँ एक्लै निस्कन्छन्। कर्णाली यात्रामा जाँदा मुस्ताङ र डोल्पाबीचको याकखर्कमा पाँच दिनसम्म सम्पर्कविहीन भएर बस्नुपरेको गुरुङले सुनाउनुभयो। "हिमपातले अगाडि जान नसकेपछि धर्मशालामा टेण्ट हालेर रात बिताएँ", उहाँले भन्नुभयो, "प्रतिकूल मौसम, त्यहीमाथि उच्च हिमाली भेग, पाँच दिनसम्म घरपरिवारसँग पनि सम्पर्क हुन नसक्दा मन केही आत्तिएजस्तो पनि भएको थियो, तर मैले आफूलाई सम्हाले र मौसम सुधारपछि यात्रामा अगाडि बढेँ।" गुरुङले गत वर्षकै साउन र भदौमा 'गुरिल्ला ट्रेल'मा ३५ दिन एक्लै हिँड्नुभएको थियो। उहाँ पदयात्री पथ प्रदर्शकसमेत हुनुहुन्छ। आम्दानीमा जोडिन पथ प्रदर्शकको अनुमति लिएर काम गरिरहेको गुरुङले सुनाउनुभयो। "घुम्ने र घुमाउने नै मेरो पेसा बनेको छ, योबाहेक अरु केही सोचेको छैन, घुम्न धेरै बाँकी छ", गुरुङले भन्नुभयो, "बढीजसो म दसैँ र तिहारका बेला घुम्न निस्किरहेको हुन्छु।" उहाँले पछिल्लो समय नेपालीहरूमा घुम्ने संस्कृति बढेको बताउनुभयो। गुरुङले पदयात्रा गर्न चाहनेलाई सबैभन्दा पहिला इच्छाशक्ति बटुल्न सुझाउनुभयो "थोरै पैसाले पनि घुम्न सकिन्छ, फजुल खर्च नगरौँ, घुमफिरका लागि समय छुट्याऔँ", गुरुङले भन्नुभयो, "आफूले जान चाहेको गन्तव्यका बारेमा पर्याप्त जानकारी लिऔँ, पूर्वअध्ययन गरौँ।" पदयात्रा गर्दा ट्रेकिङ झोला, न्यानो लुगा, आरामदायी जुत्ता, हलुका खानेकुरा, पानी, औषधिलगायत सामग्रीको जोहो गर्नुपर्ने गुरुङले बताउनुभयो। "पदयात्रामा जाँदा शारीरिक र मानसिक स्फूर्ति पनि चाहिन्छ, यात्रामा आइपर्ने सबै परिस्थिति सामना गर्न तयार भएर हिँड्नुपर्छ", उहाँले भने, "घुम्नलाई नेपालभित्रै असङ्ख्य सम्पदा, संस्कृति र प्राकृतिक गन्तव्यस्थल छन्, आफ्नै देश चिन्नलाई पनि घुमौँ।" दसैँलगत्तै अन्नपूर्ण चक्रीय पदमार्गमा आन्तरिक पर्यटकको घुइँचो लागेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो। आन्तरिकपर्यटकको आँकडा राख्ने नगरिएपनि बर्सेनि हजारौँ नेपालीले अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने गन्तव्यस्थलको भ्रमण गर्ने गरेको उहाँले बताउनुभयो। पछिल्लो एक दशकयता नेपालीहरूमा घुम्ने संस्कृति ह्वात्तै बढेको प्रमुख डा कडरियाले उल्लेख गर्नुभयो। "अन्नपूर्ण आधार शिविर, मर्दी, तिलिचो, थोरङला भञ्ज्याङलगायत क्षेत्रमा पदयात्रा गर्नेको सङ्ख्या उल्लेख्य छ, विशेष गरी नेपाली युवामा घुम्ने क्रेज बढ्दो छ, सपरिवार पनि घुम्न निस्कने चलन बढिरहेको छ", उहाँले भन्नुभयो, "कोभिड–१९ महामारीताका सुस्ताएको अन्नपूर्ण क्षेत्रको पर्यटनले विस्तारै पुरानै लय पछ्याउँदै छ।"

# पशुपालन र तरकारी बिक्रीबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ कार्तिक

स्याङ्जाको फेदीखोला गाउँपालिका–३, भाटखोलाका २८ वर्षीय अनिल पौडेल साथीसङ्गीको लहलहैमा लागेर १८ वर्षको उमेरमै विदेश पस्नुभयो। पढाइमा अब्बल मानिनुभएका उहाँको १२ कक्षा उत्तीर्णपछि औपचारिक शिक्षा बीचमै रोकिन पुग्यो। उहाँ विदेश पसेर राम्रै कमाइ गर्न थाल्नुभयो तर विरामी परेपछि स्वदेश फर्कनुभयो।

उहाँले विदेश कहिल्यै नजाने निधो गरेर फेदीखोला गाउँपालिका–२, खड्केटारीमा पाँच वर्ष पहिले एक हजार कुखुरापालनबाट व्यवसाय सुरु गर्नुभयो। रु चार लाखबाट सुरु गरेको अनिलको व्यावसाय बजारको अभावमा दुई वर्ष नपुग्दै रु सात लाख ऋणमा डुब्यो।

व्यवसायबाट सन्तुष्ट हुन नसक्नुभएका उहाँले कुखुरापालन छोडेर रु १० लाख ऋण लिएर महालक्ष्मी कृषि तथा पशुपालन फार्ममार्फत पुनः उहाँले भैँसी पाल्न सुरु गर्नुभयो। "अहिले फार्ममा छ भैँसी र तीन गाई छन्, भैँसीमध्ये तीन दुहुना र तीन ब्याउनी हुन्, गाईमध्ये एक दुहुनो, एक ब्याउनी र एक बाच्छी हुन्", उहाँले भन्नुभयो, "चार पाडी औँधिया पाल्न दिएको छु, दैनिक ३०/३५ लिटर दूध उत्पादन हुन्छ, वार्षिक रु १२ देखि १५ लाखको दूध बिक्री हुन्छ।" कुनै बेला १८ सम्म भैँसी पुर्याउनुभएका उहाँले कामदार अभावमा भैँसीलाई घटाएर गाई थप्नुभयो।

उहाँले १४ टनेलमा गोलभैँडा, काँक्रो, सिमी, काउलीलगायतका तरकारी उत्पादन गर्दै आउनुभएको छ। "तीनदेखि पाँच टनेलबाट वार्षिक दुई हजार, २१ सय किलो अमिता जातको गोलभैँडा उत्पादन गरेर बिक्री गर्ने गरेको छु", उहाँले थप्नुभयो, "गोलभैँडा गुणस्तरीय भएकाले प्रतिकिलो रु एकसय २० मा सजिलै बिक्री हुन्छ, गोलभैँडाको वार्षिक रु दुई लाख ४० हजारको कारोबार हुन्छ।" त्यस्तै उहाँले तीन टनेलबाट वार्षिक चार हजार किलो बेमौसमी काँक्रो उत्पादन गर्दै आउनुभएको छ। किसान अनिलले रु एक सय ४० देखि रु एक सय ५० मा प्रतिकिलो काँक्रो बिक्री गर्दै आउनुभएको छ। उहाँले काँक्रोको वार्षिक रु पाँच लाखको कारोबार गर्नुहुन्छ। उहाँले काँक्रो सकिएपछि खरभुजा लगाउने जानकारी दिनुभयो। "मेरो फार्ममा तीन टनेलमा इटलियन एफवान जातको वार्षिक पाँच/छ सय किलो सिमी उत्पादन गर्दै आएको छु", उहाँले भन्नुभयो, "सिमीको बजार भाउ रु ७० देखि रु एक सय २० सम्म हुन्छ, सिमीको पनि रु ६० देखि रु ८० हजारसम्मको कारोबार हुन्छ। यस्तै उहाँको फार्ममा चार/पाँच सय बोट काउली हुर्किरहेका छन्। काउली प्रतिकिलो रु एक सयदेखि एक सय ५० सम्ममा बिक्री हुन्छ। एक महिनाभित्र यहाँ उत्पादित काउली बजार पठाउन सकिने उहाँले बताउनुभयो। उहाँले यसअघि उत्पादन भएको काउलीको एक वर्षको अवधिमा रु ५० हजारको कारोबार भएको दाबी गर्नुभयो। उहाँले वार्षिक ८०/९० मुरी धान समेत उत्पादन गर्नुहुन्छ। अनिलले उत्पादित तरकारी र दूध पोखराका विभिन्न डेरी र पसलमा आफैँले पुर्‍याएर फर्कनुहुन्छ। फार्म ७० रोपनी क्षेत्रफलमा फैलिएको छ। त्योमध्ये ३५ रोपनी आफ्नै जग्गा र ३५ रोपनी भाडाको जग्गा हो। अनिलको कामदार र परिवारका लागि छुट्टाछुट्टै दुई वटा आवास, एक गोठ, १४ प्लाष्टिक टनेल छन्। उहाँले उन्नत जातका घाँस पनि लगाउनुभएको छ। "युएनडिपीको कार्यक्रमअन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा पाँच टनेलका लागि रु पाँच लाख पाएपछि व्यवसाय विस्तारका लागि झन हौसला बढ्यो", उहाँले भन्नुभयो, "युएनडिपीको अनुदान प्राप्त गर्नका लागि गाउँपालिकाले मलाई सिफारिस गर्‍यो।"

उहाँले गाउँपालिकाले किसानले उत्पादन गरेको कृषिउपज खरिद गर्ने कार्य प्रशंसायोग्य भए पनि खरिद मूल्य अत्यन्त न्यून रहेको दुखेसो पोख्नुभयो। "कृषि ज्ञान केन्द्र स्याङ्जाले ३० रोपनी क्षेत्रफलमा आलु लगाउने समूहलाई अनुदान दिने भनेको रहेछ", उहाँले भन्नुभयो, "मैले ३० रोपनीमा हैन ४० रोपनीमा आलु लगाउँछु, मलाई अनुदान दिनुहोस् भनेको छु।" उहाँलाई फार्ममा काम गर्नका लागि बुबा उमालाल र आमा कमला उपाध्याय, श्रीमती मञ्जु पौडेलले सहयोग गर्दै आउनुभएको छ। उहाँले वाहिरीदुई जनालाई दैनिक रोजगारसमेत दिनुभएको छ।

फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले पालिकाभित्र बाँझो जग्गालाई अधिकतम प्रयोगमा ल्याएर उत्पादन र उत्पादकत्व वृद्धि गराउने उद्देश्यले बाँझो जग्गा अधिकतम उपयोग गर्ने किसानलाई कार्यविधि बनाएर अनुदान दिएको बताउनुभयो। उहाँले १८ रोपनी बाँझो जग्गा भाडामा लिए धान र तरकारीजन्य कृषिउपज उत्पादन गरेको जनाउँदै महालक्ष्मी कषि तथा पशुपालन फार्मका सञ्चालक अनिललाई रु ४५ हजार अनुदान दिएको बताउनुभयो।

"फेदीखोला गाउँपालिकामा बाँझो जग्गा उपयोग अनुदान कार्यक्रमअन्तर्गत अहिलेसम्मकै बढी अनुदान पाउने कृषकमा अनिल पर्नुहुन्छ", गाउँपालिका अध्यक्ष सुवेदीले भन्नुभयो, "गाउँपालिकाले उहाँलाई युवा उद्यम कार्यक्रममार्फत बिनाब्याज बिनाधितो पाँच वर्षका लागि रु पाँच लाख ऋणसमेत उपलब्ध गराएको छ।" वैदेशिक रोजगारबाट फर्किएर गाउँ फर्केका होनेक युवालाई पालिकाले स्वरोजगार बन्न सहयोग गरिरहेको उहाँले बताउनुभयो।

# घोडेपानी–पुनहिलमा १४ हजार बढी पर्यटक

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ कार्तिक

विसं २०८० सुरु भएयता म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ स्थित घोडेपानी-पुनहिल क्षेत्रमा १४ हजारभन्दा बढी पर्यटकले भ्रमण गरेका छन्।

विसं २०८० को वैशाख १ देखि कात्तिक १३ गतेसम्म १४ हजार चार सय २१ पर्यटकले घोडेपानी पुनहिल क्षेत्रको भ्रमण गरेको पर्यटक प्रहरी चौकी घोडेपानीले जनाएको छ। चौकीका प्रहरी हवल्दार रामबहादुर केसीले घोडेपानी-पुनहिल क्षेत्रमा कोरोना महामारी सुरु हुनुअघिकै हाराहारीमा पर्यटक आउन थालेको बताउनुभयो।

"घोडेपानी भित्रिने र बाहिरिने पर्यटकको विवरणसहितको अभिलेख र तथ्याङ्क राख्ने गरेका छौँ", उहाँले भन्नुभयो, "वैशाखदेखि यता ११ हजार दुई सय ३१ पर्यटक भित्रिएका र तीन हजार एक सय ९० पर्यटक घोडेपानी हुँदै अन्यत्र गएका छन्।" वैशाखमा चार हजार चार सय १४, जेठमा एक हजार दुई सय ८३, असारमा चार सय ५०, साउनमा नौ सय २९, भदौमा नौ सय ७२, असोजमा चार हजार दुई सय ९८ र कात्तिकको १३ गतेसम्म दुई हजार ७५ पर्यटक आएको चौकीले जनाएको छ।

घोडेपानीका होटल व्यवसायी रहनुभएका टोल सुधार समितिका अध्यक्ष वीरेन गर्बुजा पुनले विदेशीसँगै स्वदेशी पर्यटकको पनि चहलपहल बढेको बताउनुभयो। "अनुकूल मौसम र चाडपर्वको बिदाको समय भएकाले आन्तरिक पर्यटकको आगमन पनि राम्रो छ", उहाँले भन्नुभयो, "कोरना महामारीपछि पर्यटक आगमन पुरानै लयमा फर्कन थालेको छ।" विसं २०७९ मा २६ हजार तीन सय ११ पर्यटकले घोडेपानी पुनहिल क्षेत्रको भ्रमण गरेको तथ्याङ्क पर्यटक प्रहरी चौकीको छ। समुन्द्र सतहदेखि तीन हजार दुई सय मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खलाको अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्दछन्। घोडेपानीमा साना ठूला गरी ३० होटल छन्। पुनहिल प्रवेश शुल्क र पुनहिलमा चिया पसल सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षका लागि माझ्गाउँई होटल तथा रेष्टुरेण्टलाई रु ६३ लाख ११ हजारमा ठेक्का सम्झौता गरेको छ। पुनहिल प्रवेश गर्न नेपालीले रु ५० र विदेशीले रु एक सय ५० प्रतिव्यक्तिका दरले शुल्क तिर्नुपर्छ। पुनहिलबाट धौलागिरि, सिस्ने, गुर्जा, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ। सूर्योदयको दृष्य अवलोकन गर्न पाउनुपनि पुनहिलको अर्को विशेषता हो। घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जङ्गल छ।

अन्नपूर्ण परिक्रमा गरी तातोपानी हुँदै कास्कीको विरेठाँटी-उलेरी, छोम्रोङ-घान्द्रुक-टाडापानी, नागी-महरे हुँदै गरी चारवटा नाकाबाट पर्यटक घोडेपानी भित्रिने गरेका छन्। नेपाली पर्यटकको अभिलेख राख्ने गरिएको छैन। पर्यटक पोखरेबगर घार शिख चित्रे हुँदै घोडेपानी सडकमा सवारी साधन भएर पुग्न सकिन्छ। घोडेपानीमा बास बस्ने पर्यटकहरू एका बिहानै पुनहिल भ्रमणमा जाने गर्दछन्।

# तातोपानी कुण्डमा डुब्न भीड

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ कार्तिक



दसैँ सकियसँगै प्राकृतिक चिकित्सालयका रुपमा परिचित म्याग्दीको तातोपानी कुण्डमा उपचारका लागि आएको बिरामीको भीड लागेको छ।

बेनी नगरपालिका–४ मा रहेको प्राकृतक तातोपानीको कुण्डमा स्नान गर्नेको घुइँचो लागेको तातोपानी कुण्ड व्यवस्थापन समितिले जनाएको छ। कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काका अनुसार दैनिक दुई सयको हाराहारीमा तातोपानी कुण्डमा डुबेर उपचार सेवा लिनका लागि नेपालको विभिन्न ठाउँबाट बिरामीहरु यहाँ आएका छन्। वीरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्याष्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। "यो सामान्य अवस्था हो, चिसो बढेसँगै बिरामीको पनि चाप बढ्छ। बिरामीको चाप बढेपछि दैनिक दुई/दुई घण्टाको दरले पुरुष र महिलालाई दुई/दुई वटा समूह बनाएर स्नान गर्ने व्यवस्था मिलाएका छौँ", सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष खड्काले बताउनुभयो। "अब तातोपानी कुण्डमा डुबेर उपचार सेवा लिन आउनेहरुको चाप बढ्छ, चिसो बढेसँगै बिरामीको अतिरिक्त पर्यटकको पनि यहाँ आउने गर्दछन्", अध्यक्ष खड्काले भन्नुभयो, "सहजरुपमा स्नानको व्यवस्थाका लागि महिला र पुरुषलाई स्नान गर्ने फरकफरक समय तालिका बनाएका हौँ।" स्नानका लागि आएका बिरामी र पाहुनाले तातोपानी बजारमा चहलपहल बढेको छ। म्याग्दी नदीको किनारमा जमिनभित्रबाट वीरेनुनको गन्धमा निस्कने ५० डिग्री सेल्सियस तातोपानी सङ्कलन गरिएको तलाउमा एकपटकमा तीन सय ५० देखि चार सयले स्नान गर्नसक्ने क्षमता छ।

छोटो समयका लागि स्नान गर्नेलाई छुट्टै पोखरी बनाइएको छ। त्यहाँ स्नान गर्न एकपटकका लागि प्रतिव्यक्ति रु दुई सय शुल्क तोकिएको छ। एक दिनमा दुई पटक दुई/दुई घण्टाका दरले तातोपानीको कुण्डमा शरीरलाई डुबाएर स्नान गरेपछि बाहिर निस्किएर पाँच/दश मिनेटसम्म पछ्यौरा, कम्बल, प्लास्टिक, काम्लो आदि न्यानो कपडा ओढेर शरीरबाट चिटचिट पसिना निस्कँदासम्म विश्राम गरिन्छ। सात दिन स्नानका लागि प्रतिव्यक्ति रु तीन सय ५० शुल्क तोकिएको छ। प्रवेश शुल्क र चन्दा सहयोगबापत उठ्ने रकममध्ये २५ प्रतिशत बेनी नगरपालिका र १३ प्रतिशत आन्तरिक राजस्व कार्यालयमा कर बुझाउनुपर्छ।

बचत भएको रकम कुण्डका कर्मचारीको तलब, सञ्चालन, पूर्वाधार निर्माण, विद्यालयलाई अनुदान र सामाजिक क्षेत्रमा खर्च गरिँदै आएको छ। विगत १३ वर्षदेखि सरस्वती माविका १६ जनामध्ये चार जना निजी शिक्षकको तलबका लागि तातोपानी कुण्डले मासिक रु एक लाखका दरले सहयोग गर्दै आएको छ।

# आँबुखैरेनीको विकास र जनसरोकारका विषयमा प्रधानमन्त्री, सञ्चार र ऊर्जामन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
दमौली, १३ कार्तिक

तनहुँको आँबुखैरेनी गाउँपालिकाले यस क्षेत्रको विकास र जनसरोकारका विषयमा प्रधानमन्त्री र सञ्चार तथा सूचना प्रविधिमन्त्रीको ध्यानाकर्षण गराएको छ। गाउँपालिकाका अध्यक्ष शुक्र चुमाको नेतृत्वमा काठमाडौँ पुगेको जनप्रतिनिधिको टोलीले यस क्षेत्रको विकास र जनसरोकारका विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माको ध्यानाकर्षण गराएको हो। अध्यक्ष चुमानले आँबुखैरेनी अस्पतालको औपचारिक उद्घाटनका लागि प्रधानमन्त्रीलाई निमन्त्रणा गरिएको जानकारी दिनुभयो। उक्त अस्पतालको मङ्सिर १ गते उद्घाटनको समय तय भएको उहाँको भनाइ छ। यस्तै आँबुखैरेनी गाउँपालिका–५ छिम्केश्वरीमा मोवाइल नेटवर्कको समस्या रहेकाले तत्काल टावर थप गर्न सञ्चारमन्त्रीलाई प्रस्ताव पेश गरिएको छ। सो अवसरमा मन्त्री शर्माले तत्काल समाधान प्रक्रिया सुरु हुने प्रतिबद्धता जनाएको चुमानले जानकारी दिनुभयो।

यस्तै आँबुखैरेनी सत्रसय खण्डमा ३३ केभी प्रसारण लाइनले पारेको असर र सोको समाधान गर्दा मुग्लिन पोखरा सडक योजनामै समेटेर गर्न ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको ध्यानाकर्षण गराइएको छ।